# सूचकमा आधारित गैससहरुको अनुगमन प्रणाली

## मार्गनिर्देशिका २०७२

## (अन्तिम मस्यौदा)

**गैसस महासंघ नेपाल**

केन्द्रीय कार्यालय

काठमाण्डौ

## १. पृष्ठभुमी

सुशासन आर्थिक विकासको मेरुदण्ड हो । सुशासन विना सम्वृद्ध समाजको परिकल्पना गर्न सकिदैन । देशको समग्र विकासको लागि प्रमुख दायित्व राज्यको भएतापनि त्यसको लागि गैससहरुसँगको साझेदारी र योगदानलाई अलग्याउन सकिदैन । सुशासन र सम्बृद्ध समाजको निर्माणका लागि राज्य पक्षलाई जिम्मेवार बनाउन र जनताका आधारभुत आवश्यकताको परिपूर्तिका लागि सहजीकरण गर्न गैससहरुको भूमिका अपरिहार्य हुन्छ ।

गैरसरकारी संस्थाहरु तथा नागरिक समाजहरुले लामो समयदेखि देशको समाजिक, आर्थिक तथा राजनैतिक विकासका क्षेत्रमा योगदान पुऱ्याउँदै आएका छन् । यसरी लक्षित वर्ग समुदाय र क्षेत्रप्रति जवाफदेही भई पारदर्शी ढंगले काम गरिरहेका गैससहरुको संस्थागत सुशासनको प्रबर्द्धन गर्न आवश्यक छ ।

गैससहरु पनि एउटा सार्वजनिक निकाय भएका हुनाले उनीहरु पनि जनता प्रति जवाफदेही हुनु अनिवार्य छ । वेलावेलामा बिभिन्न पक्षहरुबाट गैससहरु प्रति लाग्ने गरेको आरोपलाई सम्बोधन गर्नु अहिलेको आवश्यकता हो । गैससहरु प्रति समग्र पक्षको विश्वास दिलाउन गैससहरु आफैं पारदर्शी, सदाचार, जवाफदेही र सुशासित हुनु पर्दछ । गैसस व्यवस्थापनका सम्पूर्ण पक्षहरुमा सहभागिता र समावेशीको पाटोलाई प्रवर्द्धन गर्नु पनि गैससहरुको जिम्मेवारी हो । अरुलाई सुशासित हुन सिकाउनेले आफु सबै भन्दा पहिला सुशासित हुनुपर्छ भन्ने कुरालाई बिर्सन हुदैन ।

संस्थागत सुशासन भन्नाले गैरसरकारी संस्थाहरुले साझा लक्ष्य प्राप्तिका लागि सक्षम नेतृत्व तथा सामूहिक प्रयत्नद्वारा विधिवत रुपमा स्वशासित हुँदै गरिने कार्यसञ्चालन प्रक्रिया भन्ने बुझिन्छ । सामाजिक मान्यता र राज्यको नीति नियम अनुसार सञ्चालन भएको संस्थालाई सुशासित संस्था मान्न सकिन्छ । संस्थामा पारदर्शिता, वैधता, जवाफदेहिता, उत्तरदायित्व, सहभागिता, समावेशीकरण, प्रतिनिधित्व, समता, सक्षमता, प्रभावकारिता र विधिको शासनले संस्थागत सुशासन सुनिश्चित गर्छ ।

## २. मार्गनिर्देशिकाको आवश्यकता

नेपालमा रहेका गैससहरुको छाता संगठनका रुपमा गैरसरकारी संस्था महासंघ नेपाल स्थापना भएको हो । गैसस महासंघमा आवद्ध भएका गैससहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्नु गैसस महासंघको महत्वपूर्ण जिम्मेवारी मध्येको एक हो । यसकारण गैससहरुको संस्थागत सुशासन प्रबर्द्धन गर्नका लागि तथा गैससहरुलाई लक्षित वर्ग तथा समूह प्रति उत्तरदायी र जवाफदेही बनाउन मद्दत पुऱ्याउन पूर्णरुपमा गैससहरु भित्रको सुशासन र ब्यवस्थापन अभ्यासको आधारमा गैससहरुलाई अनुगमन गर्न लागि सहजिकरण गर्न यो मार्गनिर्देशिका तयार पारिएको छ ।

गैससहरु लक्षित वर्ग र समुदाय प्रति पूर्ण रुपमा जिम्मेवार हुन नसकेको र आर्थिक अनुशासन कायम गर्न नसकेको जस्ता आरोप लगातार लाग्ने गरेको अवस्थामा यो मार्गनिर्देशिकाले गैससहरुलाई जिम्मेवार बनाउन तथा राम्रो काम गर्नेलाई आधिकारिक मान्यता प्रदानगर्ने कार्यमा सहयोग पुग्नेछ । यस मार्गनिर्देशिकाले गैससहरुको आन्तरिक सुशासन र ब्यवस्थापनको अवस्थाको अनुगमन गरी प्रभावकारी रुपमा काम गर्ने गैससहरुलाई सम्मान गर्ने एवं पुरस्कृत हुने प्रकृयामा सहभागी गराउन समेत मद्दत गर्नेछ । सुशासित ढंगले काम गरिरहेका गैससहरुलाई प्रोत्साहन गर्न तथा गैससहरुले सामाजिक क्षेत्रमा गरेका योगदानलाई उचित मूल्यांकन गरी उत्कृष्टता प्रमाणिकरणका लागि सहभागी गराउन मापदण्ड तयार पारि गैससहरुलाई यो प्रकृयामा सहभागी हुन उत्प्रेरित समेत गराउनका लागि यो मागनिर्देशिका तयार पारिएको छ ।

## ३. उद्देश्य

संस्थागत सुशासन संयन्त्रको विकासगरी गैससहरुलाई सामाजिक विकासको कार्यमा लाग्न अभिप्रेरित गर्नु तथा गैरसरकारी संस्थाहरुको सुशासन प्रवर्द्धन तथा कार्यसञ्चालन प्रक्रियालाई अनुगमन गर्नका लागि सहजीकरण गर्नु यस मार्गनिर्देशिकाको मुख्य उद्देश्य हुनेछ भने यसका बिशिष्ट उद्देश्यहरु निम्नानुसार छन् :

- गैससहरुको सुशासनको प्रबर्द्धनका लागि अनुगमन संयन्त्रको निर्माण गर्नु,
- जिल्लामा रहेर विभिन्न क्षेत्रमा कार्य गरिरहेका गैससहरुको व्यवस्थापन तथा सुशासनको अवस्थाको अनुगमनका लागि सहजकरण गर्नु, र
- विभिन्न क्षेत्रमा कार्य गरिरहेका गैससहरुलाई पुरस्कृत गर्ने कार्यका लागि सहजीकरण गर्नु ।

## ४. अनुगमन संयन्त्रको संरचना र दिगोपना

जिल्ला शाखाले जिल्लास्तरमा मुख्य सरोकारवालाहरु जिल्ला प्रशासन कार्यालय तथा स्थानीय निकायहरुसँग छलफल गरी ५ सदस्यीय जिल्लास्तरीय स्वतन्त्र अनुगमन संयन्त्रको निर्माण गर्न सक्ने छ । जसमा एकजना संयोजक र अन्य सदस्यहरु रहनेछन् । आफूहरु मध्येबाट कुनै निकायका प्रतिनिधिलाई संयोजक बनाउन सकिने छ ।

(१) जिल्ला समन्वय समितिका प्रतिनिधि १ जना

(२) गैसस महासंघ नेपालका जिल्ला अध्यक्ष १ जना

(३) जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि १ जना

(४) वालवालिक तथा महिला कार्यालयका प्रतिनिधि १ जना

(५) पत्रकार महासंघका प्रतिनिधि १ जना

संयन्त्रले आफ्नो अनुगमन गरिने बिषयगत तथा भौगोलिक क्षेत्रको आधारमा सम्बन्धित महत्वपूर्ण निकाय तथा त्यसको प्रतिनिधिलाई आमन्त्रण गर्न सक्ने छ ।

यस संयन्त्रको दिगोपनाका लागि जिल्लाले नै रणनीति तयार गर्न सक्ने छ । तर अनुगमन संयोजनको भूमिका भने महासंघ जिल्ला शाखाको हुनेछ ।

## ५. अनुगमन संयन्त्रको क्षेत्राधिकार

अनुगमन संयन्त्रको कार्यसर्त तथा क्षेत्राधिकार निम्न बमोजिम हुनेछ :

- सम्बन्धित जिल्लामा रहेर बिभिन्न क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुको अनुगमन गर्नु समितिको कार्यक्षेत्र रहनेछ ।
- समितिले संस्थाको नमुना छनौट गरी अनुगमन कार्य गर्नेछ ।
- अनुगमन संयन्त्र खुकुलो तथा अनौपचारिक प्रकृतिको रहनेछ ।
- अनुगमन संयन्त्रले बिना कुनै आग्रह पूर्वाग्रह नराखी कार्य गर्नेछ ।
- संयन्त्रले संघ संस्थाहरुसँग सकारात्मक सम्बन्ध स्थापना गर्दै समन्वय र सहकार्यमा आफ्नो कार्य सम्पादन गर्नेछ ।
- अनुगमन संयन्त्रले स्थानीयतहमा उपलब्ध कुनै बिज्ञ तथा दक्ष व्यक्तिहरुलाई मनोनयन गरी अनुगमनको जिम्मा दिन सक्ने छ ।

## ६. अनुगमनका मुख्य क्षेत्रहरु

अनुगमनका मुख्य क्षेत्रहरुहरु निम्न बमोजिम हुनेछन् :

(१) गैससहरुको सुशासन र जवाफदेहिताको अवस्था

(२) कार्यक्रम व्यवस्थापन

(३) जवाफदेही मानव संसाधन व्यवस्थापन

(४) जवाफदेही वित्तीय श्रोत व्यवस्थापन

## ७. अनुगमनका सूचकहरु

यस मार्गदर्शनमा ३४ वटा सूचकहरु प्रस्ताव गरिएका छन् । तर जिल्लामा अनुगमनको प्रक्रिया अगाडि बढाउँदा संस्थाहरुको नमूना छनौट गरिने मापदण्डको आधारमा प्रस्तावित सूचकहरु मध्ये केही सम्बन्धित र महत्वपूर्ण सूचकहरु छनौट गरी त्यसलाई अनुगमन गर्न सकिन्छ ।

## ७. अनुगमन प्रक्रिया

अनुगमन प्रक्रिया निम्न बमोजिम हुनु पर्नेछ :

- अनुगमन योजना तर्जुमा गर्ने ।
- अनुगमनका लागि जिल्लामा कार्यरत गैसस महासंघमा आबद्ध संस्थाहरु मध्येबाट छनौट गर्ने ।
- अनुगमन गर्दा ***अनुसुची १*** बमोजिम अनुगमनका सूचकहरुमा आधारित भएर गर्ने ।
- अनुगमनका लागि छनौट भएका संस्थालाई अगाडि नै मूल्यांकन फारम उपलब्ध गराउने र उनीहरुलाई स्वंमूल्यांकन गर्न लगाउने
- अनुगमनका लागि अनुगमन संयन्त्रका सदस्यहरु मध्ये प्रति संस्था २ जना जाने गरी जिम्मेवारी बाँडफाँड गर्ने
- सम्बन्धित संस्थामा गई संस्थाका कार्यसमिति सदस्य तथा पदाधिकारीहरुसँग छलफल गर्ने र स्वमूल्यांकनका सूचना बमोजिको अवस्था हो होइन जाँच गर्ने ।
- छलफल तथा अन्तरवार्ताका क्रममा आएका कुराहरुलाई पुनर्पुष्टी गर्न संस्थाको रेकर्ड तथा प्रतिवेदनहरुको अवलोकन गर्ने र फिल्ड भिजिट वा भेरिफिकेशन गर्ने ।
- अनुगमन गर्दा संस्थाको गोपनियता तथा सम्वेदनशीलतालाई ध्यानमा राख्ने ।
- अनुगमनका क्रममा आएका तथ्यहरुलाई समेटेर प्रतिवेदन तयार गर्ने ।

## ८. अनुगमनको विधि

अनुगमनको लागि निम्न विविहरु अवलम्बन गर्नु पर्ने हुन्छ ।

- स्वमूल्यांकन
- छलफल
- अन्तरवार्ता
- सम्बन्धित कागजात तथा प्रतिवेदनहरुको अवलोकन
- फिल्ड भिजिट/भेरिफिकेशन

## ९. अनुगमन गर्ने समय

अनुगमन बार्षिक रुपमा गर्न सकिने छ ।

## १०. अनुगमनका लागि संस्थाहरुको छनौट प्रकृया

सबै गैससहरुको अनुगमन गर्नु ब्यवहारिक हिसाबले कठिन हुन्छ । तसर्थ, नमूना छनौट विधि प्रयोग गरी संस्थाहरु पहिचान गर्नु पर्ने हुन्छ । नमूना छनौटको समुह र आधार के हुने भन्ने कुरा जिल्ला आफैले निर्णय गर्न सक्ने छ । निम्न आधारमा संस्थाहरु पहिचान गरी त्यस मध्ये पनि गोलाप्रथाबाट नमूना छनौट गरी अनुगमन गर्न सकिन्छ ।

- बिषयगत कार्यक्षेत्रको आधारमा (जस्तै शिक्षा, आय आर्जन, महिला सशक्तिकरण आदि)
- सक्रियाको आधारमा सक्रिय संस्थाहरु मध्येबाट
- संस्थाको बार्षिक बजेटको आधारमा संस्थाहरु वर्गीकरण गरेर
- संस्थाको आर्थिक श्रोतको आधारमा (जस्तै वाह्य श्रोतमा मात्र निर्भर वा स्थानीय श्रोतमा मात्र निर्भर आदि)

नमूनाका रुपमा गोला प्रथा मार्फत महासंघ आबद्ध संस्थाहरु मध्येबाट निम्न संख्यामा छनौट गरी अनुगमन गर्न सकिने छ ।

१ देखि २५ वटा सम्म गैसस भएका जिल्लामा - ५

२६ देखि ५० वटा सम्म गैसस भएका जिल्लामा - ६

५१ देखि १०० वटा सम्म गैसस भएका जिल्लामा - ७

१०१ देखि १५० वटा सम्म गैसस भएका जिल्लामा - ८

१५१ देखि २०० वटा सम्म गैसस भएका जिल्लामा - ९

२०१ भन्दा बढी गैसस भएका जिल्लामा - १०

नमूना छनौटमा नपरे पनि यदि कुनै संस्थाले अनुगमन प्रक्रियामा सामेल हुन चाहेमा त्यसता संस्थालाई यो प्रक्रियामा सहभागी बनाउन सकिन्छ । केन्द्रको तथ्यांक बमोजिम निम्न जिल्लाहरुमा निम्न संख्यामा अनुगमन गरिनु पर्नेछ ।

| District | No. of NFN Members | No. of NGOS to be monitored |
|---|---|---|
| Morang | 126 | 8 |
| Makawanpur | 249 | 10 |
| Rupandehi | 129 | 8 |
| Dang | 84 | 7 |
| Bajhang | 50 | 6 |
| | 638 | 39 |

## ११. प्रतिवेदन तयारी, सार्वजनिक तथा पुरस्कार बितरण

अनुगमन संयन्त्रले संस्थाको अनुगमन पश्चात प्रतिवेदन तयार गरी संयन्त्र भित्र छलफल गर्नु पर्नेछ । जिल्लामा कुनै औपचारिक कार्यक्रम आयोजना गरी अनुगमनको प्रतिवेदन सार्वजनिक गर्न सकिने छ । अनुगमनको प्रतिवेदन सार्वजनिक गर्दा संस्थाको गोपनियता तथा संम्वेदनशीलतालाई ध्यानमा दिनु पर्नेछ। संस्थागत विषयमा हरेक संस्थालाई छुट्टा छुट्टै सुझाव र राय दिनुपर्नेछ। प्रतिवेदन प्रस्तुतीका क्रममा भने कुनै पनि संस्थाको संस्थागत तथ्यहरु सार्वजनिक नगरी उनीहरुले गरेका कामका आधारमा संस्थालाई चुस्त दुरुस्त र जवाफदेही बनाउने सुझावहरु समेटिएको प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ । अनुगमन समितिको प्रतिवेदनका आधारमा उत्कृष्ट ठहरिएको गैससलाई पुरस्कृत गर्न पनि सकिने छ ।

## १२ बजेट

अनुगमनका लागि आवश्यक लाग्ने बजेट अनुगन गरिने संस्थाहरुको संख्याको आधारमा निम्न तालिका बमोजिम गैसस महासंघ केन्द्रीय कार्यालयले जिल्ला शाखालाई उपलब्ध गराउने छ । प्रत्येक जिल्लालाई एकमुस्टरुपमा उपलब्ध गराइने छ । उक्त रकमको ९० प्रतिशत अनुगमनकर्ताको पारिश्रमिक र १० प्रतिशत व्यवस्थापन कार्य (बैठक र मसलन्द) मा खर्च गर्न सकिने छ ।

| District | Amount in Rs. |
|---|---|
| Morang | 24000 |
| Makawanpur | 30000 |
| Rupandehi | 24000 |
| Dang | 21000 |
| Bajhang | 18000 |
| | 117000 |

## *अनुसुचि १*

**गैससहरुको सुशासन र व्यवस्थापन**

**अनुगमनका सूचकहरु र मूल्यांकन फारम**

**संस्थाको नाम :**

**संस्था स्थापना मिति :**

**संस्थानको ठेगाना :**

**संस्थाको मुख्य बिकषयगत कार्यक्षेत्र :**

**सदस्य संख्या :**

**अनुगमन मिति :**

**विगतमा अनुगमनमा सामेल भएको भए त्यसको मिति :**

सूचकहरुका आधारमा मूल्याङ्कन गरी ३ देखि ० अंक प्रदान गर्ने ।

| अनुगमनका सूचकहरु | अति राम्रो (३) | राम्रो (२) | सन्तोष जनक (१) | कमजोर (०) | कैफियत (अनुगमनका क्रममा भेटिएका केहि उल्लेख्य विवरण भए) |
|---|---|---|---|---|---|
| १) ***कार्यसमितिको बैठक***को नियमितता<br>• कम्तीमा ३ महिनाको अन्तरालमा बर्षको ४ वटा बैठक बसेको, बैठकका एजेण्डाहरु बैठक पूर्व जानकारी दिने र बैठकका निर्णय बारे सदस्यहरु बीच संप्रेशन गर्ने अभ्यास भएको (३)<br>• निश्चित अन्तरालमा नबसेपनि बर्षभरीमा ४ वटासम्म बैठकहरु बसेको र बैठकका एजेण्डाहरु बैठक पूर्व जानकारी दिने अभ्यास भएको (२)<br>• आवश्यकता अनुसार बर्ष भरीमा ३ पटक सम्म बसेको र बैठकका एजेण्डाहरु बैठक पूर्व जानकारी दिने अभ्यास भएको (१)<br>• बर्षभरीमा १ वटासम्म बैठक बसेको तर बैठकका एजेण्डाहरु बैठक पूर्व जानकारी दिने अभ्यास नभएको वा कुनै बैठक नबसेको (०) | | | | | |
| २) ***वार्षिक साधारण सभा तथा अधिवेशन***को नियमितता<br>• विधानत नियमित रुपमा निर्धारित समय भित्रम बार्षिक साधारणसभा र अधिवेशन हुने गरेको र ८० प्रतिशत भन्दा बढी सदस्यहरुको सहभागिता हुने गरेको (३)<br>• सदस्यहरुको उल्लेखनीय सहभागिता नरहे पनि विधानत नियमित रुपमा बार्षिक साधारणसभा र अधिवेशन हुने गरेको (२)<br>• बार्षिक साधारणसभा नियमित नहुने तर अधिवेशन समयमै हुने गरेको (२) | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| • बार्षिक साधारण सभा र अधिवेशन हुने गरेको तर नियमित र समयमै नहुने (०) | | | | | |
| ***३) दर्ता नविकरण***को नियमितता<br>• बार्षिक रुपमा निर्धारित समय भित्रै जिल्ला प्रशासन कार्यालयमा दर्ता नविकरण गर्ने गरिएको (३)<br>• बार्षिक रुपमा दर्ता नविकरण गरे पनि समयमै गर्ने नगरेको (२)<br>• नविकरण गर्ने गरेको तर बार्षिक रुपमा नगरेको (१)<br>• दर्ता नविकरण नै नभएको (०) | | | | | |
| ***४) संस्थाको दिगोपना***को गरिएको प्रयास<br>• दीगोपना रणनीति बनाई कार्यान्वयनमा ल्याएको र स्थानीय तथा आन्तरिक श्रोतसाधन अधिकतम परिचालन गरिएको (३)<br>• रणनीति बनाएको तर आंशिक रुपमा मात्र कार्यान्यिन गर्न सकिएको र स्थानीय तथा आन्तरिक श्रोतसाधन परिचालन गरिएको (२)<br>• रणनीति बनाइएको तर कार्यान्वियन नगरिएको र आंशिक रुपमा स्थानीय तथा आन्तरिक श्रोतसाधन परिचालन गरिएको (१)<br>• कुनै योजना तथा रणनीति नरहेको वा आंशिक रुपमा मात्र स्थानीय तथा आन्तरिक श्रोतसाधन परिचालन गरिएको (०) | | | | | |
| ***५) संगठनको संरचना*** बनाई कार्यान्वयनमा ल्याइएको<br>• संगठनको स्पष्ट संरचना बनाई कार्यान्वयनमा ल्याइको र समीक्षा गर्दै आवश्यक सुधार पनि गर्दै गएको (३)<br>• संगठनको स्पष्ट संरचना बनाई कार्यान्वयनमा मात्र ल्याइको र समीक्षा र आवश्यक सुधार नभएको (२)<br>• संगठनको स्पष्ट संरचना बनाईको तर आंशिक रुपमा मात्र कार्यान्वयनमा ल्याइको (१)<br>• संगठनको स्पष्ट संरचना नभएको (०) | | | | | |
| ***६) कार्यसमिति र व्यवस्थापनबीचको अधिकार पृथकिकरण***<br>• संस्थाले स्पष्ट नीति बनाई कार्यान्वयनमा ल्याएका, कार्यसमितिका कुनै पनि सदस्य वैतनिक कर्मचारीको रुपमा नरहेको र कार्यकारिणी जिम्मेवारी कर्मचारीहरुले वहन गरेको (३)<br>• नीति बनेको, कार्यसमितिका सदस्यहरु पूर्ण रुपमा स्वयंसेवी रुपमा काम गरिरहेको, तर कार्यसमितिका सदस्य भैसकेका ब्यक्ति वैतनिक कर्मचारीको रुपमा जिम्मेवारी वहन गरेको (२)<br>• नीति नबनेको तर शक्ति पृथकीकरणको अभ्यास गरिएको (१)<br>• कार्यसमितिका पदाधिकारी वा कुनै सदस्यले आंशिक वा पूर्ण रुपमा नियमित पारिश्रमिक लिने गरेको र दोहोरो भूमिका खेल्ने गरेको (०) | | | | | |
| ***७) कार्यसमितिमा एकाघरका एक भन्दा बढी सदस्य रहेको अवस्था***<br>• कार्यसमितिमा एकाघरका १ भन्दा बढी सदस्यहरु रहन नसक्ने नीति बनाइ पूर्णरुपमा कार्यान्वयनमा ल्याएको (३) | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ● कार्यसमितिमा एकाघरका १ भन्दा बढी सदस्यहरु रहन नसक्ने नीति बनाएको तर पूर्ण रुपमा कार्यान्वयनमा ल्याउन नसकिएको (२)<br>● कार्यसमितिमा एकाघरका १ भन्दा बढी सदस्यहरु रहन नसक्ने नीति बनाएको कार्यान्वयनमा ल्याउन नसकिएको (१)<br>● कार्यसमितिमा एकाघरका १ भन्दा बढी सदस्यहरु रहन नसक्ने नीति बनाउने सोच रहेको (०) | | | | | |
| ***८) रणनैतिक योजना***<br>● रणनैतिक योजना बनाई संस्थाको ***भिजन, मिसन, मूल्य र लक्ष्यहरु*** निर्धारण गरिएको, सो बारे संस्थाका सबै सदस्य एवं कर्मचारी सचेत रहेको र योजनाको समीक्षा गरी अध्यावधिक गरेको (३)<br>● रणनैतिक योजना बनाई संस्थाको ***भिजन, मिसन, मूल्य र लक्ष्यहरु*** निर्धारण गरिएको, योजनाको समीक्षा गरी अध्यावधिक गरेको तर सो बारे संस्थाका सबै सदस्य एवं कर्मचारी सचेत नरहेको (२)<br>● रणनैतिक योजना बनाई संस्थाको ***भिजन, मिसन, मूल्य र लक्ष्यहरु*** निर्धारण गरिएको तर त्यसको समीक्षा र अध्यावधिक नगरिएको (१)<br>● रणनैतिक योजना नबनेको (०) | | | | | |
| ***९ नेतृत्व हस्तान्तरण*** गर्ने अभ्यास<br>● कम्तीमा दुई कार्यकाल पछि नेतृत्व हस्तान्तरण गर्ने नीति रहेको र कार्यान्वयनमा समेत ल्याइएको (३)<br>● दुई कार्यकाल पछि नेतृत्व हस्तान्तरण गर्ने नीति रहेको र कार्यान्वयनमा समेत ल्याइएको (२)<br>● नीति नभए पनि नेतृत्व हस्तान्तरण भने गरिएको (१)<br>● नेतृत्व हस्तान्तरणको अभ्यास नभएको (०) | | | | | |
| **१०) महिलाको प्रतिनिधित्व** | | | | | |
| ९.१) कार्य समितिमा (महिलाहरु मात्रले संचालन गरेको संस्था बाहेकमा)<br>● ३३ प्रतिशत वा सो भन्दा बढी (३),<br>● २१-३२ प्रतिशत (२),<br>● ११-२० प्रतिशत (१),<br>● १० प्रतिशत सम्म (०) | | | | | |
| ९.२) कर्मचारीमा (महिलाहरु मात्रले संचालन गरेको संस्था बाहेकमा)<br>● ३३ प्रतिशत वा सो भन्दा बढी (३)<br>● २०-३२ प्रतिशत (२)<br>● ११-२० प्रतिशत (१)<br>● १० प्रतिशत सम्म (०) | | | | | |
| ***११) स्थानीय जनसंख्याको बनौटको आधारमा कार्यसमितिमा सीमान्तकृत समुदायहरु (दलित, मुस्लिम, आदिवासी जनजाति, मधेसी, अल्पसंख्यक, अपांगहरु) को प्रतिनिधित्व*** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| • २० प्रतिशत वा सो भन्दा बढी (३)<br>• ११-२० प्रतिशत (२)<br>• ६-१० प्रतिशत (१)<br>• ५ प्रतिशत सम्म (०) | | | | | |
| ***१२) सामाजिक परीक्षण***को अभ्यास<br>• सामाजिक परीक्षण सम्बन्धी स्पष्ट नीति बनाई नियमित रुपमा बर्षमा एक पटक गर्ने गरेको (३)<br>• यस सम्बन्धी स्पष्ट नीति नबने पनि नियमित रुपमा बर्षमा एक पटक गर्ने गरेको (२)<br>• यस सम्बन्धी स्पष्ट नीति नबनेको तर एक दुई पटक अभ्यास गरेको (१)<br>• कुनै अभ्यास नगरेको (०) | | | | | |
| ***१३) लक्षित वर्गहरुको पहिचान र उनीहरुलाई संलग्न गराउने अभ्यास***<br>• संस्थाको विधानमा नै लक्षित वर्गहरु स्पष्ट किटान गरिएको र योजना चक्रमा प्रत्येक्ष सहभागी गराउने गरिएको (३)<br>• रणनैतिक योजना, नियमावली, निर्देशिका वा परियोजनामा स्पष्ट उल्लेख गरिएको र योजना चक्रमा सहभागी बनाउने गरिएको (२)<br>• परियोजना भएको अवस्थामा मात्र लक्षित वर्ग पहिचान गर्ने गरिएको र कार्यान्वयनमा मात्र सहभागी गराउने गरिएको (१)<br>• लक्षित वर्ग बारे कुनै ठोस नीति वा निर्णय नभएको (०) | | | | | |
| ***१४) प्रगति प्रतिवेदन तयारी र सार्वजनिकीकरण***<br>• प्रत्येक बर्ष प्रतिवेदन तयार गरी साधारण सभामा प्रस्तुत गर्ने र प्रकाशन गरी सबै सदस्य एवं सरोकारवालाहरुलाई वितरण गर्ने गरिएको (३)<br>• प्रत्येक बर्ष प्रतिवेदन तयार गरी साधारणसभामा प्रस्तुत गर्ने र सदस्यहरुलाई वितरण गर्ने गरिएको (२)<br>• प्रतिवेदन तयार गरी साधारणसभामा प्रस्तुत गर्ने गरिएको र छलफल गरी अभिलेख गर्ने गरिएको (१)<br>• प्रतिवेदन तयार गर्ने गरिए पनि नियमित गर्न नसकिएको (०) | | | | | |
| ***१५) स्वार्थको टकराव (Conflict of Interest) व्यवस्थापन गर्ने नीति तथा संयन्त्रको निर्माण र कार्यान्वियन***<br>• ब्यक्तिगत निहित स्वार्थ र वित्तीय जोखिम रोक्न आवश्यक नीति नियम र संयन्त्र बनाइ कार्यान्वयनमा ल्याइएको (३)<br>• स्पष्ट नीति नियम र संयन्त्र नभए पनि कुनै पनि खाले अनियमितता र भ्रष्ट आचरण हुने गतिविधिहरु हुन नदिइएको (२)<br>• अनियमितता र भ्रष्ट आचरण लाई सकेसम्म निरुत्साहित गरिएका (१)<br>• अनियमितता र निहित ब्यक्तिगत स्वार्थ रोक्ने बारे कुनै नीति नियम निर्णय नभएको (०) | | | | | |
| ***१६) कार्यकारी समितिले निर्णयहरु स्वतन्त्र र स्वायत्त  ढंगले गर्न सक्ने अवस्था*** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| • कार्यसमिति कुनै आग्रह पूर्वाग्रह र बाह्य हस्तक्षेप एवं प्रभावबाट पूर्ण रुपमा स्वतन्त्र र स्वयत्त ढंगले निर्णय गर्न सक्ने र कार्यान्वयन गर्न सक्ने अवस्थामा रहेको (३)<br>• कार्यसमितिले बाह्य हस्तक्षेपबाट मुक्त भएपनि महत्वपूर्ण बिषयमा निर्णय गर्नु पर्दा कुनै प्रभावशाली ब्यक्ति वा संस्थासँगको राय सल्लाह र सुझाव लिई मात्र निर्णय गर्ने गरिएको (२)<br>• कार्यसमितिले निर्णय प्रक्रियामा बाह्य ब्यक्ति वा संस्थाको प्रत्येक्ष चासो राख्ने र निर्णयमा प्रभाव पार्ने गरेको (१)<br>• कार्यसमितिले आफै निर्णय गरेता पनि बाह्य निर्देशन र प्रभावबाट निर्णयहरु हुने गरेको (०) | | | | | |
| ***१७) जिम्मेवारीहरु बाँडफाँट***<br>• कार्यसमितिका पदाधिकारी एवं सम्पूर्ण सदस्यहरुको काम, कर्तब्य र जिम्मेवारीहरु स्पष्ट रुपमा बाँडफाँट गरी कार्यान्वयनमा ल्याईको र जिम्मेवारी अनुसारको काममा प्रत्येक्ष संग्लग्न रहने गरेको (३)<br>• कार्यसमितिका पदाधिकारी एवं सम्पूर्ण सदस्यहरुको काम, कर्तब्य र जिम्मेवारीहरु स्पष्ट रुपमा बाँडफाँट गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याईको (२)<br>• कार्यसमितिका पदाधिकारी एवं सम्पूर्ण सदस्यहरुको काम, कर्तब्य र जिम्मेवारीहरु स्पष्ट रुपमा बाँडफाँट गरेको तर कार्यान्वयनमा आउन नसकेको (१)<br>• कार्यसमितिका पदाधिकारीहरु बीच मात्र जिम्मेवारी बाँडफाँट भएको (०) | | | | | |
| ***१८) सुशासन प्रबर्धनका विधिहरुको अभ्यास***<br>• आचारसंहिता, सुचनापाटी, वेवसाईट तथा नियमित प्रकाशन अभ्यास गरिएको (३)<br>• आचारसंहिता, सुचनापाटी, तथा परियोजनाको नियमित प्रकाशन अभ्यास गरिएको (२)<br>• आचारसंहिता तथा परियोजनाको नियमित प्रकाशन अभ्यास गरिएको (१)<br>• आचारसंहिता अभ्यास गरिएको (०) | | | | | |
| ***१९) लक्षित समुहहरुलाई सूचनाहरु प्रवाह***<br>• कार्यक्रम, बजेट र प्रगति लगायतका सम्पूर्ण सूचनाहरु निर्वाधरुपमा लक्षित समुदायहरुलाई नियमित र आवाधिक रुपमा प्रवाह गर्ने अभ्यास गरिएको र यस सम्बन्धी स्पष्ट नीति नियम र कार्यविधि बनाई कार्यान्वयनमा समेत ल्याइएको (३)<br>• स्पष्ट नीति नियम र कार्यविधि नबनेको भएतापनि कार्यक्रम, बजेट र प्रगति लगायतका सम्पूर्ण सूचनाहरु निर्वाधरुपमा लक्षित समुदायहरुलाई नियमित र आवाधिक रुपमा प्रवाह गर्ने अभ्यास गरिएको (२)<br>• स्पष्ट नीति नियम र कार्यविधि बनाएको भएतापनि आवश्यकता अनुसार र माग अनुसार मात्र सूचनाहरु प्रवाह गर्ने गरेको (१)<br>• आशिंक रुपमा मात्र सूचनाहरु प्रवाह गर्ने गरेको (०) | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ***२०) अनुगमन तथा मूल्यांकन***<br>• अनुगमन तथा मूल्यांकन के कसरी गर्ने भन्ने बारे स्पष्ट नीतिगत व्यवस्था र योजना बनेको, त्यसको पूर्ण कार्यान्वयन समेत भएको र त्यसका प्रतिवेदनहरु सेयर गर्ने गरिएको (३)<br>• अनुगमन तथा मूल्यांकन के कसरी गर्ने भन्ने बारे स्पष्ट नीतिगत व्यवस्था र योजना बनेको र त्यसको आंशिक कार्यान्वयन समेत भएको (२)<br>• अनुगमन मूल्यांकन प्रणाली बारे स्पष्ट व्यवस्था नभएपनि विभिन्न विधि मार्फत अनुगमन र मूल्यांकनका कार्यहरु सम्पादन हुँदै आएको (१)<br>• अनुगमनका कार्यहरु सामान्य रुपमा मात्र हुने गरेको वा हुदै नहुने (०) | | | | | |
| ***२१) प्रभावहरु मूल्याङ्कन***<br>• परियोजन तथा कार्यक्रम सम्पन्न भएपछि त्यसको प्रभावबारे मूल्यांकन गर्नको लागि स्पष्ट नीतिगत व्यवस्था भएको त्यसको पूर्ण कार्यान्वयन भएको र त्यसको प्रतिवेदन सेयर गर्ने गरिएको (३)<br>• प्रत्येक परियोजन तथा कार्यक्रम सम्पन्न भएपछि त्यसले पारेको प्रभावबारे मुल्यांकन गर्ने गरिएको र प्रतिवेदन सेयर गर्ने गरिएको (२)<br>• प्रभाव मूल्यांकन गर्ने नीति तथा योजना बन्ने गरेको पहिले पहिले गर्ने गरेको तर हाल त्यस खाले अभ्यास नभएको (१)<br>• प्रभाव मूल्यांकन गर्नु पर्छ भन्ने जानकारी भएको तर कार्यान्वयनमा ल्याउन नसकिएको (०) | | | | | |
| ***२२) सिकेका महत्वपूर्ण सिकाइ तथा अनुभवहरु सरोकारवालाहरुलाई जानकारी गर्ने गराउने***<br>• परियोजना तथा कार्यक्रमबाट सिकेका महत्वपूर्ण सिकाइ तथा अनुभवहरु बारे अभिलेख गरी समय समयमा लक्षित समुह लगायतका सरोकारवालाहरुलाई जानकारी गराउने अभ्यास रहेको र त्यस मुताविक थप सुधार र विकास गर्ने गरिएको (३)<br>• परियोजना तथा कार्यक्रमबाट सिकेका महत्वपूर्ण सिकाइ तथा अनुभवहरु बारे अभिलेख गरी समय समयमा लक्षित समुह लगायतका सरोकारवालाहरुलाई जानकारी गराउने अभ्यास रहेको (२)<br>• सिकेका महत्वपूर्ण सिकाइहरु बारे सरोकारवालाहरुलाई समान्य जानकारी गराउने अभ्यास रहेको (१)<br>• सिकेका महत्वपूर्ण सिकाइ तथा अनुभवहरु अभिलेख नगरिएको र यस बारे कुनै सूचना आदानप्रदान हुने नगरेको (०) | | | | | |
| ***२३) लक्षित समुहहरुबाट प्राप्त गुनासो तथा सुझावहरु ग्रहण/सुनुवाइ गर्ने अभ्यास***<br>• लक्षित समुहहरुका सुझाव एवं गुनासाहरु सुन्ने, ग्रहण गर्ने र कार्यान्वयन गर्ने बारे संस्थाको स्पष्ट नीति, संयन्त्र जिम्मेवारीको व्यवस्था भएको र त्यसको पूर्ण रुपमा कार्यान्वयनमा ल्याइएको (३) | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| • लक्षित समुहहरुका सुझाव एवं गुनासाहरु सुन्ने, ग्रहण गर्ने र कार्यान्वयन गर्ने बारे संस्थाको स्पष्ट नीति, संयन्त्र जिम्मेवारीको व्यवस्था भएको र त्यसको आंशिक रुपमा कार्यान्वयनमा ल्याइएको (२)<br>• स्पट नीति संयन्त्रको व्यवस्था नभएपनि राय सल्लाह सुझाव तथा गुनासाहरु सुन्ने गरिएको र समान्य कार्यान्वयनमा समेत ल्याइएको (१)<br>• राय सल्लाह सुझाव तथा गुनासहरु सुन्ने नगरिएको र गरेपनि त्यसलाई आंशिक रुपमा पनि कार्यान्वयन गर्न सकिएको (०) | | | | | |
| ***२४) वैदेशिक सहायताको समाज कल्याण परिषदबाट स्वीकृत गरेको अवस्था***<br>• कुनै पनि वैदेशिक वा अन्तराष्ट्रिय संस्थाबाट लिएको कुनै पनि सहयोगको समाज कल्याण परिषदबाट पूर्व स्वीकृति लिएको र नियमित रुपमा प्रगति प्रतिवेदन बुझाउन गरिएको (३)<br>• वैदेसिक सहयोगको स्वीकृति लिएको तर नियमित प्रतिवेदन बुझाउने नगरिएको (२)<br>• वैदेशिक सहायता लिएको र पछि अनुमोदन गरिएको (१)<br>• कुनै पनि सहायताको स्वीकृति नलिएको (०) | | | | | |
| ***२५) स्थानीय निकाय तथा विषयगत कार्यालयसँगको समन्वय र साझेदारी***<br>• संस्थाका क्रियाकलापहरु स्थानीय आवश्यकता र प्राथमिकता अनुसार रहेको र त्यसको कार्यान्वयन स्थानीय सरकारी निकायसँग प्रत्येक्ष समन्वय र साझेदारीमा गर्ने गरिएको (३)<br>• संस्थाका क्रियाकलापहरुको कार्यान्वयन सम्बन्धित स्थानीय सरकारी निकायसँग प्रत्येक्ष समन्वय र साझेदारीमा गर्ने गरिएको (२)<br>• संस्थाका क्रियाकलापहरुको कार्यान्वयन सम्बन्धित स्थानीय सरकारी निकायसँग समन्वयमा गर्ने गरिएको (१)<br>• संस्थाका कुनैपनि क्रियाकलापहरुकको कार्यान्वयन गर्दा सम्बन्धित स्थानीय सरकारी निकायलाई सामान्य पनि जानकारी गर्ने नगरिएको (०) | | | | | |
| ***२६) संस्थाबाट संचालित कार्यक्रमहरु सम्वन्धित स्थानीय निकाय परिषदमा पेश गर्ने अभ्यास***<br>• संस्थाको कार्यक्रम तथा बजेट जिविस, नगरपालिका/गाविसको योजना तर्जुमा प्रक्रिया बमोजिम स्थानीय विकास कार्यक्रममा समावेश भई कार्यान्वयन गर्ने गरिएका (३)<br>• परियोजनाको कार्यक्रम तथा बजेट जिविस तथा गाविसको योजना तर्जुमा प्रक्रिया आंशिक रुपमा समावेश भई कार्यान्वयन गर्ने गरिएका (२)<br>• स्थानीय योजना तर्जुमा प्रक्रियामा समावेश गराउन नसकिएतापनि सम्बन्धित स्थानीय निकाय तथा सरकारी कार्यालयले स्वीकृत गरेको (१) | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| • स्थानीय निकाय तथा सम्बन्धित सरकारी कार्यालयलाई जानकारी सामान्य जानकारी गराइएको वा गर्दै नगर्ने गरिएको (०) | | | | | |
| ***२७) कर्मचारी ब्यवस्थापन सम्बन्धी नीति तथा कार्यान्वियन***<br>• कर्मचारी ब्यवस्थापन सम्बन्धी स्पष्ट नीति नियम बनाई पूर्ण रुपमा कार्यान्वियनमा ल्याएको (३)<br>• कर्मचारी ब्यवस्थापन सम्बन्धी स्पष्ट नीति नियम बनेको र आंशिक रुपमा कार्यान्वियनमा ल्याएको (२)<br>• स्पष्ट नीति नियम नभएपनि आवश्यक निर्णयहरुका साथ कर्मचारी ब्यवस्थापन गरिएको (१)<br>• स्पष्ट नीति नियम नभएको तर आवश्यकता अनुसार कर्मचारी परिचालन गर्ने गरिएको (०) | | | | | |
| ***२८) कर्मचारी वृत्ति विकास प्रणाली  अभ्यास***<br>• कर्मचारीको बृत्ति विकास सम्बन्धी स्पष्ट नीति नियम कार्यविधि बनाई कार्यान्वियनमा ल्याएको (३)<br>• कर्मचारीको बृत्ति विकास सम्बन्धमा आवश्यकता अनुसार निर्णय गरी प्रभावकारी रुपमा कार्यान्वियनमा ल्याएको (२)<br>• कर्मचारीको बृत्ति विकास सम्बन्धमा सामान्य नीति नियम र कार्यविधि बनेको तर आंशिक रुपमा मात्र कार्यान्वियनमा ल्याएको (१)<br>• परियोजना भएको अवधिमा मात्र वृत्ति विकास अभ्यासमा रहने गरेको वा बृत्ति विकास सम्बन्धी कुनै योजना वा नीति नभएको (०) | | | | | |
| ***२९) कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनको अभ्यास***<br>• कार्यसम्पादन मूल्याकन सम्बन्धी स्पष्ट नीति नियम र मापदण्ड भएको र प्रभावकारी रुपमा आवाधिक रुपमा कार्यान्वियनमा ल्याइएको (३)<br>• कार्यसम्पादन मूल्याकन सम्बन्धी स्पष्ट मापदण्ड भएको र आवाधिक रुपमा कार्यान्वियनमा ल्याइएको (२)<br>• कार्यसम्पादन मूल्याकन सम्बन्धी स्पष्ट मापदण्ड भएको र आवश्यकता अनुसार मात्र कार्यान्वियनमा ल्याइएको (१)<br>• स्पष्ट मापदण्ड र विधि नभएपनि कार्यसम्पादन मूल्यांकन भने गर्ने गरिएको वा कुनै पनि खाले कार्यसम्पादनको अभ्यास नभएको (०) | | | | | |
| ***३०) वित्तीय ब्यवस्थापन सम्बन्धी नीति नियम तथा कार्यविधिहरु***<br>• बित्तीय ब्यवस्थापन सम्बन्धी स्पष्ट नीति नियम कार्यविधि भएको र प्रभावकारी रुपमा कार्यान्वियनमा ल्याइएको (३)<br>• बित्तीय ब्यवस्थापन सम्बन्धी स्पष्ट नीति नियम भएको र आंशिक रुपमा मात्र कार्यान्वियनमा ल्याइएको (२)<br>• वित्तीय ब्यवस्थापन सम्बन्धी स्पष्ट नीति नियम कार्यविधि बन्दै गरेको (१)<br>• वित्तीय ब्यवस्थापनको लागि स्पष्ट नीति नियमावली नबनिसकेको (०) | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ***३१) आय-व्ययहरुको लेखांकन***<br><br>● बित्तीय व्यवस्थापन नियमावली बमोजिम प्रचलित विधि अवलम्बन गरी, कम्प्युटर प्रणाली प्रयोग गरी चुस्त रुपमा लेखांकन गरी अध्यावधिक रुपमा राख्ने गरेको र लेखा व्यवस्थापनको लागि छुट्टै कर्मचारीको समेत व्यवस्था भएको (३)<br>● कम्प्युटर प्रणाली प्रयोग नगरे पनि बित्तीय व्यवस्थापन नियमावली बमोजिम प्रचलित विधि अवलम्बन गरी, चुस्त रुपमा लेखांकन गरी अध्यावधिक रुपमा राख्ने गरेको र लेखा व्यवस्थापनको लागि छुट्टै कर्मचारीको समेत व्यवस्था भएको (२)<br>● प्रचलित विधि अवलम्बन गरी चुस्त रुपमा लेखांकन गरी अध्यावधिक रुपमा राख्ने गरेको र लेखा व्यवस्थापनको लागि छुट्टै कर्मचारीको समेत व्यवस्था भएको (१)<br>● लेखांकनको अभ्यास रहेको, अध्यावधिक रुपमा नरहेको (०) | | | | | |
| ***३२) आर्थिक बिषयसँग सम्बन्धित विवाद वा झगडाहरुको व्यवस्थापन***<br><br>● आर्थिक मामिला सम्बन्धी कुनै विवाद वा झगडा हाल सम्म नभएको (३)<br>● आर्थिक मामिला सम्बन्धी केही विवाद वा झगडा भएता पनि सकारात्मक रुपमा त्यसको समाधान भैसकेको (२)<br>● आर्थिक मामिला सम्बन्धी केही विवाद वा झगडा आएको र त्यसको समाधानको लागि प्रयत्न भैरहेको (१)<br>● आर्थिक मामिला सम्बन्धी विवाद वा झगडा नियमित जस्तो हुने गरेको (०) | | | | | |
| ***३३) आयब्यय विवरण सार्वजनिक***<br><br>● आय व्ययको विवरण सार्वजनिक गर्ने बारे स्पष्ट नीति बनेको र त्यस बमोजिम विभिन्न माध्यम मार्फत आवाधिक रुपमा सार्वजनिक गर्ने गरिएको (३)<br>● आय व्ययको विवरण सार्वजनिक गर्ने बारे स्पष्ट नीति बनेको र त्यस बमोजिम प्रगति प्रतिवेदन मार्फत मात्र आवाधिक रुपमा सार्वजनिक गर्ने गरिएको (२)<br>● आय व्ययको विवरण सार्वजनिक गर्ने बारे नीति बनेको र त्यस बमोजिम बार्षिक रुपमा सार्वजनिक गर्ने गरिएको (१)<br>● आय व्ययको विवरण सार्वजनिक गर्ने बारे स्पष्ट नीति नबनेको र सार्वजनिक पनि गर्ने नगरिएको (०) | | | | | |
| ***३४) लेखा परीक्षण र त्यसको प्रतिवेदनमा सरोकारबालाहरुको पहुँच***<br><br>● लेखा परीक्षण सम्बन्धी स्पष्ट नीति नियम भएको, सो बमोजिम बार्षिक रुपमा बाह्य लेखा परीक्षण गर्ने गरिएको, त्यसलाई वेवसाइट, बार्षिक प्रतिवेदन तथा पत्रपत्रिका मार्फत सार्वजनिक गरिएको र मुख्य सरोकारवाला निकायहरुलाई वितरण समेत गरिएको (३)<br>● लेखा परीक्षण सम्बन्धी स्पष्ट नीति नियम भएको, सो बमोजिम बार्षिक रुपमा बाह्य लेखा परीक्षण गर्ने गरिएको, बार्षिक प्रतिवेदन मार्फत सार्वजनिक र मुख्य सरोकारवाला निकायहरुलाई वितरण समेत गरिएको (२) | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| • लेखा परीक्षण सम्बन्धी नीति नियम भएको र सो बमोजिम एक मुष्ट बहुबर्षीय रुपमा बाह्य लेखा परीक्षण गरिएको, सो बमोजिम प्रतिवेदन मार्फत सदस्यहरुलाई जानकारी गरिएको (१)<br>• लेखा परीक्षण नगरिएको, भएपनि प्रतिवेदन सार्वजनिक सार्वजनिक नगरिएको (०) | | | | | |

# अनुगमनकर्तासँग गरिने करारनामा पत्र

यस गैसस महासंघ नेपाल ………………… (जसलाई यसपछि पहिलो पक्ष भनिने ) र श्री ……………………………( जसलाई यसपछि दोस्रो पक्ष भनिने ) वीच **नेपालमा गैससहरुको जवाफदेहिता र सुशासन सबलिकरण (सगोन)** परियोजना अन्तर्गत गर्न लागिएको सूचकमा आधारीत सुशासन अनुगमन अनुगमनको लागि तपशिल अनुसारको शर्त भित्ररही सम्झौता गरिएको छ ।

**आवश्यक शर्तहरु :**

- पहिलो पक्षले तयार पारेको निर्देशिकाका आधारमा दोश्रो पक्षले संस्थाहरुको छनौट गरी संस्थाहरुको अनुगमन गर्नुपर्नेछ ।
- दोस्रो पक्षले फाराम प्राप्त गरेको एक हप्ता भित्र पहिलो पक्षको निर्देशन अनुसार मूल्यांकनका क्रममा आएका तथ्यहरुलाई समेटेर प्रतिवेदन तयार गरि पहिलो पक्षलाई पेश गर्नु पर्नेछ ।
- दोश्रो पक्षले फारम भर्दा स्पष्ट तरिकाले उत्तरदातालाई प्रश्नगर्नु पर्नेछ र सोही अनुरुप फारम भर्नु पर्नेछ ।
- यस कार्य गरेवापत पहिलो पक्षले दोस्रो पक्षलाई रु……………… भुक्तानी गरिनेछ । भुक्तानी गरिने रकममा नेपाल सरकारको आयकर ऐन २०५८ बमोजिम स्रोतमा कर कट्टी शीर्षकमा १५ प्रतिशत को दरले हुन आउने रकम रु. ………………… करकट्टी गरि बाँकी रु. ……………………………………… प्रदान गर्नेछ । र अन्य सुविधा परियोजनाले व्यवस्था गरेअनुरुप मात्र हुनेछ ।
- यस करारको समयावधि मिती…………….देखि…………………..सम्मको हुनेछ ।

| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम : | नाम : |
| पदः | पद : |
| मिति : | मितिः |

(जिल्ला शाखाको छाप) .

# रकम बुझिलिएको भरपाई

## रकम बुझिलिएको भर्पाई

भर्पाई दादै मिती .............................. मा गैर सरकारी संस्था महासंघ नेपाल, जिल्ला शाखा .............................................बाट ................................................................ बापत रु. ...................................।- (अक्षरुपी.......................................................................) नगद/चेक नं........................... बाट बुझिलिई यो भर्पाई गरिदिएँ ।

| | |
|---|---|
| **बुझिलिनेको दस्तखत/छाप:** | **बुझाउनेको दस्तखत** |
| ......................... | ......................... |
| **नाम:** | **नाम:** |
| **ठेगाना:** | **पद:** |
| **मिती:** | **मिती:** |